जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १६८ • २०८३ साल मंसिर ५ गते शनिबार (21 November, Saturday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

प्रधानमन्त्री साहको भारत भ्रमण आइतबार हुने

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहको आगामी आइतबारदेखि हुने दुईदिने भारतको राजकीय भ्रमण द्विपक्षीय सम्बन्ध विस्तार, आर्थिक सहकार्य र विकास निर्माणका विषयमा केन्द्रित हुने भएको छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा हुन लागेको भ्रमणका क्रममा व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल तथा पूर्वाधार विकासलगायतका विषयले प्राथमिकता पाउने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

परराष्ट्र मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सचिव अमृतबहादुर राईले दुई देशबीच आपसी सहयोग र सहकार्यका साथै विकास निर्माण तथा आर्थिक गतिविधिलाई भ्रमणको मुख्य प्राथमिकतामा राखिएको बताए । भ्रमणका क्रममा ऊर्जा तथा सम्पर्क सञ्जालसम्बन्धी सम्पन्न परियोजनाको उद्घाटन र नयाँ परियोजनाको शिलान्यास गर्ने कार्यक्रम छ ।



त्यसैगरी शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन र मानव संसाधन विकासलगायतका क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्र आदानप्रदान गरिने जनाएको छ ।

नेपालमा भारतीय लगानी आकर्षित गर्ने उद्देश्यले नेपाल-भारत बिजनेश फोरम आयोजना गरिनेछ । उक्त कार्यक्रममा दुवै देशका व्यवसायीबीच सहकार्य विस्तार, लगानीका अवसर र नीतिगत व्यवस्थाबारे छलफल हुनेछ । भ्रमण टोलीमा निजी क्षेत्रका ५२ जना व्यवसायीसहितको सहभागिता रहने भएको छ ।

भ्रमणका क्रममा प्रधानमन्त्री साहले आइतबार भारतीय विदेशमन्त्री एस जयशंकरसँग शिष्टाचार भेट गर्नेछन् भने महात्मा गान्धीको समाधिस्थल राजघाटमा श्रद्धाञ्जली अर्पण गर्नेछन् । सोमबार भारतीय राष्ट्रपति द्रौपदी मुर्मुसँग शिष्टाचार भेट र प्रधानमन्त्री मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्ने कार्यक्रम छ । प्रधानमन्त्री मोदीले उनको सम्मानमा दिवाभोज आयोजना गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

प्रधानमन्त्री साह नेतृत्वको प्रतिनिधिमण्डलमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेन्जनकारलगायत सरकारी अधिकारी सहभागी हुने जनाइएको छ । भ्रमणबाट दुई देशबीचको ऐतिहासिक मैत्रीपूर्ण सम्बन्ध थप सुदृढ हुनुका साथै पारस्परिक हितका क्षेत्रमा सहकार्य विस्तार हुने अपेक्षा गरिएको छ । प्रधानमन्त्री साह मङ्सिर ७ गते स्वदेश फर्किनेछन् ।

बल प्रदेश प्रमुखको 'कोट'मा

मधेश प्रदेशमा संविधानको धारा १६८ (२) कि (३) जाने भन्ने अझै अन्योल

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखले दिएको समयसीमा समाप्त भए पनि कुनै पनि राजनीतिक दलले मुख्यमन्त्री पदमा दाबी पेस गर्न नसकेपछि सरकार गठन प्रक्रिया अन्योलमा परेको छ ।

नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेताहरूले प्रदेश प्रमुखको कार्यालय पुगेर सरकार गठनका लागि थप समय उपलब्ध गराउन आग्रह गरेका छन् ।

त्यसलगत्तै जनता समाजवादी पार्टी (जसपा) नेपालका नेताहरूले भने संविधानको धारा १६८ को उपधारा (२) अनुसार सरकार गठनको प्रक्रिया समाप्त भइसकेकाले उपधारा (३) अनुसार अघि बढ्न दबाब दिएका छन् । दुवै पक्षका फरक-फरक मागपछि प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णसमेत निर्णयमा पुग्न सकेका छैनन् ।

संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाएर सरकार गठनका लागि प्रदेश प्रमुख कर्णले दिएको सात दिनको समय शुक्रबार अपराह्न ४ बजे समाप्त भएको छ ।

निर्धारित समयभित्र दलहरूबीच सत्ता समीकरणमा सहमति जुट्न नसकेपछि नयाँ सरकार गठन प्रक्रिया थप जटिल बनेको छ । आवश्यक बहुमत जुटाउने प्रयास जारी रहे पनि अन्तिम समयसम्म कुनै पनि दलले मुख्यमन्त्रीमा दाबी पेश गर्न सकेनन् ।



समयसीमा समाप्त भएपछि नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाका नेताहरू प्रदेश प्रमुखको कार्यालय पुगेका थिए । उनीहरूले सरकार गठनका लागि आवश्यक राजनीतिक सहमति जुटाउन थप केही दिन समय उपलब्ध गराउन आग्रह गर्दै संयुक्त निवेदन दिएका छन् ।

कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव, एमाले संसदीय दलका नेता सरोजकुमार यादव र नेकपाका संसदीय दलका नेता युवराज भट्टराईसहितका नेताहरूले राजनीतिक सहमतिका लागि थप समय आवश्यक रहेको बताएका छन् ।

कांग्रेस संसदीय दलका नेता यादवले जनाए अनुसार प्रदेश प्रमुखले दिएको सात दिनको समयमध्ये चाडपर्व र एमालेको महाधिवेशनका कारण दलहरूबीच पर्याप्त छलफल हुन सकेन । तीन दलका करिब ६१ जना प्रदेशसभा सदस्यको प्रतिनिधित्व गर्ने नेताहरूले सहमति जुटाउन केही दिन समय थप गर्न आग्रह गरेका छन् ।

विभिन्न राजनीतिक पक्षसँग छलफल भइरहे पनि सरकार गठनबारे ठोस निष्कर्षमा पुग्न नसकिएको यादवले बताए । थप समय दिने वा नदिने निर्णय प्रदेश प्रमुखको अधिकारक्षेत्रमा रहेको उनको भनाइ छ ।

तीन दलका नेताहरू प्रदेश प्रमुखको कार्यालयबाट बाहिरिएलगत्तै जसपा नेपालका नेताहरू पनि प्रदेश प्रमुख कर्णलाई भेट्न पुगेका थिए ।

भेटका क्रममा मधेश प्रदेशसभाको सबैभन्दा ठूलो दल जसपा नेपालले थप समय दिनुभन्दा संविधानको धारा १६८ को उपधारा (३) अनुसार सरकार गठन प्रक्रिया अघि बढाउनुपर्ने माग गरेको छ ।

पूर्वमुख्यमन्त्रीसमेत रहेका जसपा नेपालका वरिष्ठ उपाध्यक्ष लालबाबु राउतले उपधारा (२) अनुसार सरकार गठनका लागि दिइएको समय समाप्त भइसकेकाले अब स्वतः उपधारा (३) अनुसार प्रक्रिया अघि बढ्नुपर्ने दाबी गरे । उनले प्रदेशसभामा सबैभन्दा ठूलो दलको नेताका रूपमा जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुखसँग आग्रह गरेका छन् ।

समयसीमा समाप्त भइसकेपछि पुनः उपधारा (२) अनुसार समय थप गर्नु उपयुक्त नहुने जिकिर गर्दै राउतले संविधानको व्यवस्थाअनुसार नै सरकार गठन प्रक्रिया अघि बढाउनुपर्ने बताए ।

कांग्रेस, एमाले र नेकपाले थप समय माग्नु तथा जसपा नेपालले उपधारा (३) अनुसार प्रक्रिया अघि बढाउन दबाब दिनुले प्रदेश प्रमुख डा. कर्णमाथि निर्णय लिन थप चुनौती थपिएको छ । दुबै पक्षका आ-आफ्नै अडानका कारण प्रदेश प्रमुखको कार्यालयसमेत तत्काल के गर्ने भन्ने विषयमा अनिर्णित बनेको छ ।

सामा-चकेवा : प्रेम, आत्मीयता र मिथिलाको मौलिक परम्परा

टुडे समाचारदाता

जनकपुरधाम । मिथिला-मधेशका गाउँबस्तीमा छठ पर्वसँगै सामा-चकेवाको रौनक अहिले देख्न सकिन्छ । साँझ पर्नासाथ हातमा रंगीचंगी माटोको विभिन्न आकृति राखिएको बाँसको डाला र त्यसमा बलिरहेको दियो बोकेर महिला तथा किशोरीहरू समूहमा भेला हुन्छन् । उनीहरूको सामूहिक स्वरमा गुञ्जिने मैथिली लोकगीतले गाउँबस्तीलाई उल्लासमय बनाउँछ । दाजुभाइप्रतिको माया, दिदीबहिनीबीचको आत्मीयता र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको मिथिलाको सांस्कृतिक परम्पराको जीवन्त अभिव्यक्ति हो, सामा-चकेवा ।



मिथिलाञ्चलमा कार्तिक शुक्ल पञ्चमीदेखि पूर्णिमासम्म ११ दिन मनाइने यो पर्व धार्मिक अनुष्ठान मात्र नभइ प्रेम, समर्पण, त्याग र पारिवारिक सम्बन्धमा आधारित विशिष्ट लोक परम्परा हो । यस अवधिमा दिदीबहिनी, छोरीबुहारी तथा किशोरीहरू राति समूहमा भेला भएर दाजुभाइको सुस्वास्थ्य, दीर्घायु र समृद्धिको कामना गर्दै परम्परागत गीत गाउँछन् ।

पर्वको पहिलो दिन दाजुभाइको हातबाट माटो खनेर ल्याउने परम्परा रहिआएको छ । त्यही माटोबाट सामा, चकेवा, चुगला, सतभइया, वनतितर, झाँझी कुकुर, ढोलिया, भरिया, खर्जाचडैया, मलिनियाँ र वृन्दावनलगायत पात्रका आकृति बनाइन्छन् । ती आकृति सुकाएर रङरोगन गरेपछि बाँसको डालामा सजाइएको छ । राति दियो बालेर गाउँका चौक, चौराहा र सार्वजनिक स्थानमा लगिन्छ । त्यसपछि गीत, संगीत, नृत्य र संवादमार्फत माटाका पात्रलाई जीवन्त बनाइन्छ ।

यस पर्वको विशेषता मानिसले अभिनय गर्नुको सट्टा माटाका आकृतिलाई पात्र बनाएर कथा प्रस्तुत गर्नु हो । सामा स्त्री पात्र र चकेवा पुरुष पात्र हुन् । मिथिला-मधेशको समाजमा चुग्ली गरेर सम्बन्ध बिगार्ने प्रवृत्तिलाई चुगलाले प्रतिनिधित्व गर्छ भने वृन्दावनले प्रकृति र वनसँगको सम्बन्ध उजागर गर्छ । महिलाहरूले गीतको भाव अनुसार पात्रलाई चलायमान बनाउँदै कथा प्रस्तुत गर्छन् । कतिपय प्रसंगमा चुगलाको मुख पोल्ने र वृन्दावनमा आगो लगाउने अभिनयसमेत गरिन्छ ।

'गामके अधिकारी तोहे बरका भैया हो' र 'सामचको सामचको अइहा हो' जस्ता लोकगीतमा पारिवारिक सम्बन्ध, सामाजिक

> सामा-चकेवा केवल माटाका आकृति सजाउने पर्व नभइ मिथिलाको मौलिक लोककला, महिला सिर्जनशीलता र पारिवारिक एकताको जीवन्त दस्तावेज हो ।

जीवन र प्रकृतिप्रतिको आत्मीयता अभिव्यक्त हुन्छ । पर्वको अन्तिम दिन विसर्जनका क्रममा गाइने 'समदाउनी' गीत विशेष भावुक मानिन्छ । यसमा सामालाई अर्को वर्ष पुनः आउने निम्तोसहित बिदाइ गरिन्छ ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १० का धार्मिक अगुवा सुमित मिश्रले जनाए अनुसार पूर्णिमाको दिन बिहान माटाका आकृतिलाई पुनः रङरोगन गरिन्छ । साँझ दहीचिउरा खुवाएर दाजुभाइबाट सामा-चकेवाका आकृति फुटाउन लगाइन्छ । त्यसपछि बाजागाजा र गीतसहित गाउँबाहिर खेत वा जलाशयमा लगेर विसर्जन गरिन्छ । दाजुभाइलाई दहीचिउरा तथा पकवान खुवाएर उनीहरूको दीर्घायु र समृद्धिको कामना गरिन्छ ।

मैथिली संस्कृतिका जानकार प्राध्यापक श्यामसुन्दर शशिका अनुसार प्रचलित पौराणिक कथामा सामा अर्थात् श्यामा भगवान् कृष्णकी छोरी थिइन् । चुगलाको गलत सूचनाका कारण कृष्णले उनलाई चराको रूप धारण गर्ने श्राप दिएका थिए । बहिनीको उद्धारका लागि दाजु साम्बले कठोर तपस्या गरेपछि कार्तिक पूर्णिमाका दिन उनले पुनः मानव रूप प्राप्त गरेको लोक विश्वास छ । यस कथाले दाजुभाइको सहयोग, दिदीबहिनीप्रतिको माया र पति-पत्नीबीचको समर्पणलाई जोडेको छ ।

सामाजिक अगुवा वीरेन्द्र कर्णका अनुसार सामा-चकेवाका गीतमा मिथिलाको सामाजिक जीवन, पारिवारिक सम्बन्ध, प्रकृति, प्रेम र मानवीय संवेदना प्रतिबिम्बित हुन्छन् । मौखिक परम्परामार्फत पुस्तौंदेखि हस्तान्तरण हुँदै आएका यी गीतले मिथिलाको भाषा र सांस्कृतिक पहिचान जोगाउन महत्वपूर्ण भूमिका खेलेका छन् ।

मधेश प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सालगायत तराई-मधेश-मिथिलासँगै भारतीय सीमावर्ती क्षेत्रको भारत बिहारको सीतामढी, मधुबनी, दरभंगा र मुजफ्फरपुर समेतमा पनि सामाचकेवा पर्व परापूर्वकालदेखि नै मनाइँदै आएको छ । यसले महिला तथा किशोरीलाई सामूहिक सहभागिता, सिर्जनशीलता र सांस्कृतिक अभिव्यक्तिको माध्यमबाट आ-आफ्नो दाजुभाईको दीर्घायू, सुख, समृद्धसँगै स्वास्थ्य लाभको कामना गर्ने धार्मिक परम्परा रहिआएको छ ।

आधुनिकताको प्रभावले मौलिक लोकगीत र परम्परागत अभ्यास ओझेलमा पर्न सक्ने अवस्थामा यसको संरक्षण आवश्यक देखिएको छ । यही उद्देश्यले मैथिली विकास कोषले पछिल्ला वर्षदेखि सामा-चकेवा महोत्सव आयोजना गर्दै आएको छ । यस वर्ष मङ्सिर ५ गतेदेखि जानकी मन्दिर प्रांगणमा सामा-चकेवा प्रतियोगिता आयोजना हुने कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिएका छन् ।

सामा-चकेवा केवल माटाका आकृति सजाउने पर्व नभइ मिथिलाको मौलिक लोककला, महिला सिर्जनशीलता र पारिवारिक एकताको जीवन्त दस्तावेज हो । नयाँ पुस्तालाई यसको मौलिकता र महत्वबारे परिचित गराउँदै संरक्षण गर्न सके मिथिलाको यो अमूल्य सांस्कृतिक सम्पदा आगामी पुस्तासम्म हस्तान्तरण गर्न सकिनेछ ।



जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

।। धोका ।।

धोका तिमीले मलाई यसरी दियौं,
जसरी तिमीले मलाई चिनेकै थिएनौ।
तिमी सँग जिवन विताउने कसम खाको थिए,
तिमीले मलाई यसरी तोडि दियौं, जसरी तिमीले मलाई चिनेकै थिएनौ।।
तिमी धोका मलाई होइन, आफैंलाई दियौं
एक दिन तिमी यो सौंचेर रुनेछौ, जसलाई ऐती तोडे पनि चुप
भएर बसेको थियो।।।



लेखक : पुजा कुमारी पंडित
घर : जनकनन्दिनी गाउँपालिका - ४ खजुरी

।। अहा याद अबैय छि ।।

कोनो कसम देले रैहती त उ तोइर देति
और अहा स बोलेके प्रयत्न कैरती
कोनो अधिकार देले रैहती त याद कैरती
और अहा स बोलेके प्रयत्न कैरती
हम बतैती अहाके गेलाबाध, कि कि भेल हाल हमर
हम देखैयती हृदयमे लाग केहन केहन दाग हमर
मुदा सब दर्दके अहाके नाम नहिए देवे सकली
अहा भुलादेली एक छनमे,हम बिसराब त नैहिए सकली
कोनो बजः देले रैहती हमरा त मिले जरुर ऐति
३कोनो कसम देले रैहती त उ तोइर देति
और अहास बोलेके प्रयत्न कैरती ३
अहा छोइर गेलि अपन मर्जिसे हमरा,खाक बनैली जीवनके
कोना कहु कि मिले आउ,सुहागन भेली अहा दोसरके
मुस्कान अहाके सजे लागल नै चाहिँ छि कि उ छिन लेति
घमण्ड त होइय अहा प मुदा कुछ आरो होइय्त जौ अहा हमर रैहती
३कोनो कसम देले रैहती त उ तोइर देति
और अहा स बोलेके प्रयत्न कैरती ३



कलम : स्नेही साह
ठेगाना: जनकपुरधाम ३१
हाल : खाडी मुलुक

।। सत्य काम गर्दै जानु ।।

जब सोचछु कुनै काम गरु
बाधा अवरोध आई हाल छ
जसो तसो बाधा अवरोध पार
गर्छु आफन्तले नै बिगाड़ दिन्छ

मानिस ले धेरै किसिमको
समस्या जीवन मा भोगनु परदो रहेछ
त्यो आफै ले पनि भोगेका छु
तर ईमानदारी पुर्वक काम गरे
पछि बिजय त हुन्छ नै हुन्छ

म सबै साथी भाई संग भन्न
चाहन्छु कि जति बाधा अवरोध
आए पनि सत्यको मार्ग न छोडनु
होला ठिक कम गर्दा र सत्य बोल्दा
हजारों लाखों बाधा अबरोध आउछ

त्यही भएर
बिगाड़ने मान्छे को संघत न गर्नु
राम्रो मान्छे को संघत गर्नु झुठो
काम मा कहिले हाथ न हल्लनु र
राम्रो काम गर्न कहिले न छोड़नु
मनवजीवन को यही छ धर्म यही
छ कर्म यहीं छ कर्तव्य



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल मरुभुमी देश दोहा कतार

।। कहाँ सजिलो छ र पुरुष भएर जिउन ? ।।

कहाँ सजिलो छ र पुरुष भएर जिउन?
यहाँ आफ्नै मनसँग पनि बारम्बार
सम्झौता गर्नुपर्छ, हरेक चोटको घाउमा
मलम लगाई सिउन ।
म पुरुष हुँ, मैले हरेक सङ्घर्ष
र कष्टहरू सहजै स्वीकार्नुपर्छ,
जातले छोरा मान्छे पर्दैं, आफ्नै मन
राख्न पनि लाखौं बिन्ती बिसाउनुपर्छ ।
बाल्यकालमा देखेका थुप्रै सपना पनि
उमेर ढलेसँगै ओइलाउँदै छन् अचेल,
परिवारको जिम्मेवारी र कमाउने बोझले,
सपना पनि सपनामै सीमित रहँदै छन् अचेल ।
भित्र मन रोए पनि बाहिर हाँसेर,
बाँच्नुपर्ने तीतो यथार्थ लुकाउनुपर्छ,
भित्रभित्रै मन छटपटाइरहेको समयमा पनि
अनुहारमा हाँसो नै त सजाएर हिँड्नुपर्छ ।
यहाँ देख्दैन समाजले पुरुषको सङ्घर्ष
न त देख्छ रातको रोदन नै,
यहाँ हेर्छ त मात्र बैंक ब्यालेन्स र कमाइ,
अनि दिनको हाँसो र ठट्यौलीपन नै।
पुरुष रुनु हुँदैन भन्ने मान्यताले,
बेलाबेलामा मन झस्काइरहन्छ ,
भीडमा बलियो देखिने मान्छे प्राय,
एकान्तमा सिरानी भिजाएर रोइरहन्छ ।



लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग.चा.न.पा-१ धनुषा

।। चुनाव ।।

चुनु आब अप्पन नेता
नै त भजाएत सब माइट ढेला
नै बिकाउ जनतासब दारुमासमे
भजाएब नै त बिरान तखने साँझमे
जुवनको सब नैपरु कोनो नेताके लालच लोभमे
नै त फैंस जायब टकला जैसन कैदमे
प्रदेश नं दुइ मे छि हम आहाँ
नैबनाउ एकरा २ नं प्रदेश
जनताके सहारास बनैछै केहु नेता
तैहन यि नेता चुनाव जितल
पहुँचैछै प्रतिनिधिए आ राष्ट्रिय सभामे
चुनु अखनो अप्पन अभिनेता
नै त भजाएत सब माइट ढेला
जनते बनैछै नेता बुझि इबात
नै त भजाएत बहुते विवाद
नौत पेहानिस नैबनु नेता
इष्टोमित्र प करु भरोसा
नै त हम अहाँ भजाएब पानीके हिलकोरा
नेताके खरचापानी प नैचलु
समयमे रोजगार करु
अप्पन शिक्षा शिपके हिसावस
समयमे विदेश धरु
चुनाव धरि मात्रे जमैछै नेताके जनता जौरे अखाडा
तेकर बाध भजाएछै बटवारा
चुनाव लगोचमे आएल सब पार्टी के भेल मेल
तैखनोनै चलल जनकपुरके पटरी प मैत्रि खेलमेल
सब भेल राजनितिक जालझेल
तखनोनै मिलल टकलाके बेल
मधेशि जनताके भेल नरकोमे ठेलमठेल
समता मे चले तराइ पहाड आ हिमाल सभनके करपरे हमर तोहे
लाख बडाई
केनाहुतोक बनाउ मिलजुइलक मधेस माटीके के स्वर्गोस सुन्नर
चुनु अखनो पुरुषोत्तम नेता
नै त भजाएत सब माइट ढेला



कवि प्रमोद राम
जनकपुरधाम

बिहे नगरी पिता बनेका तुषार, भन्छन्, 'छोराको आगमनपछि बदलियो सबैथोक'

काठमाण्डु । बलिउड अभिनेता तुषार कपुर आज आफ्नो ५०औं जन्मदिन मनाउँदैछन् । अभिनेता जितेन्द्र र शोभा कपुरका छोरा तुषारलाई धेरैले 'गोलमाल' सिरिजका कलाकारका रूपमा चिन्छन् ।

तर उनको परिचय अभिनयमा मात्र सीमित छैन । विवाह नगरी सरोगेसीमार्फत पिता बनेका उनले एक्लै छोराको जिम्मेवारी सम्हाल्ने निर्णय गरेर पनि धेरैको ध्यान खिचेका थिए ।

तुषारको जीवनमा सन् २०१६ मा एउटा ठूलो परिवर्तन आयो । उनी सरोगेसी र इन भिट्रो फर्टिलाइजेसन (आईभीएफ) प्रक्रियामार्फत छोरा लक्ष्यका पिता बने ।

त्यतिबेला उनी ३९ वर्षका थिए । विवाह नगरी पिता बन्ने उनको निर्णयले बलिउडदेखि सामाजिक वृत्तसम्म चर्चा पाएको थियो ।


घरमा सहयोगी हुँदाहुँदै छोराको सबै काम आफै

तुषारको घरमा छोराको हेरचाह गर्ने सहयोगी थिएनन् भन्ने होइन । तर लक्ष्यको स्याहारमा उनी अरूको भर पर्न चाहँदैनथे । छोराका लागि कपडा छान्नेदेखि न्याप्पी फेर्ने, नुहाइदिने र दूध खुवाएपछि डकार गराउनेसम्मका काम उनले आफैं गरे ।

सन् २०१७ मा 'हिन्दुस्तान टाइम्स'सँगको कुराकानीमा उनले आफूले आमाले गर्ने भनिएका धेरै जिम्मेवारी पनि सहजै सम्हाल्न सिकेको बताएका थिए ।

छोराको रातिको बानीबारे पनि उनले रमाइलो कुरा सुनाएका थिए । लक्ष्य राति अनावश्यक रूपमा नरोई भोक लागेका बेला मात्र उठ्ने गर्थे ।

दूध खाएपछि फेरि सुत्थे । यसले आफूलाई केही सहज भएको तुषारको भनाइ थियो ।



लक्ष्य जन्मिएपछि तुषारको दैनिकी नै बदलियो । पहिले जस्तो रातिसम्म बाहिर बस्ने र ढिलो घर फर्किने बानी उनले छाडे ।

छोरासँग पर्याप्त समय बिताउन उनले आफ्नो काम र व्यक्तिगत समयसमेत मिलाउन थाले ।

छोरा सुत्नुअघि घर पुग्ने र बिहान उठेपछि पनि उसैसँग समय बिताउने उनको प्रयास हुन्थ्यो । छोराको हेरचाहका लागि उनले राति अबेरसम्म बाहिर जाने बानीसमेत छाडेका थिए ।

त्यतिबेला उनले छोरालाई फिल्मको सुटिङ सेटमा समेत लैजाने गरेका थिए । घरमा परिवारका सदस्य र सहयोगी भए पनि लक्ष्यसँग सकेसम्म आफैं समय बिताउन चाहन्थे ।

'मिड-डे'सँगको कुराकानीमा उनले छोराको खानपानदेखि दिसा गर्ने समयसम्म आफूलाई थाहा हुने र उसको दैनिकीअनुसार आफ्नो समय मिलाउने गरेको बताएका थिए ।

विवाह नगरी पिता बन्ने निर्णय कसरी गरे ?

तुषारले विवाह नगरी पिता बन्ने निर्णय एकैपटक गरेका थिएनन् । उनी केही समयदेखि पिता बन्ने सोचमा थिए । तर विवाहको प्रतीक्षा गरेर सन्तान जन्माउने इच्छा पछाडि सार्न चाहेनन् ।

उनले 'द इन्डियन एक्सप्रेस'सँगको कुराकानीमा आफूले समाजको दबाबमा जीवनका निर्णय लिन नचाहेको बताएका थिए । विवाह गर्नु वा नगर्नु आफ्नो व्यक्तिगत निर्णय भएको उनको धारणा थियो ।

उनको पिता बन्ने निर्णयमा निर्देशक प्रकाश झाको एउटा भेट पनि महत्त्वपूर्ण बन्यो ।

तिरुपति जाने क्रममा प्रकाश झासँग भएको कुराकानीले उनलाई विवाह नगरी पनि पिता बन्न सकिने विकल्पबारे सोच्न प्रेरित गरेको थियो । त्यसपछि उनले चिकित्सकसँग परामर्श गरेर सरोगेसीको प्रक्रिया अघि बढाएका थिए ।

छोरालाई धर्मपुत्रका रूपमा नभई जैविक सन्तानका रूपमा हुर्काउन चाहेकाले सरोगेसी रोजेको उनले सन् २०२० मा करिना कपुरको रेडियो कार्यक्रम 'ह्वाट वुमन वान्ट'मा बताएका थिए ।

'हनुमान अंश' को सफलतामा फिल्म उद्योग मौन, निर्देशकले के भने ?

एजेन्सी । विशाल चतुर्वेदीको फिल्म ' हनुमान अंश' ले विश्वभर ४५० करोड भारुभन्दा बढी कमाइ गरेको छ। अब यो फिल्म ओटीटीमा रिलिज हुने तयारीमा छ । फिल्म ओटीटीमा सार्वजनिक हुनुअघि निर्देशकले फिल्मको सफलताका बाबजुद ठूला निर्माण कम्पनी तथा फिल्म उद्योगबाट प्रशंसा नपाएको विषयमा आफ्नो धारणा राखेका छन् । फिल्मले सिनेमा क्षेत्रका पुराना मान्यतालाई पनि गलत साबित गरेको उनले बताए ।

स्क्रिनसँगको कुराकानीमा विशालले ' हनुमान अंश' को बक्स अफिस सफलताले फिल्म चल्नका लागि ठूला स्टार, महँगो बजेट वा स्थापित स्टुडियोको साथ अनिवार्य हुन्छ भन्ने सोचलाई तोडेको बताए । उनका अनुसार, यसअघि ठूला इभेन्ट फिल्म मात्रै सफल हुन्छन् र अन्य फिल्मले संघर्ष गर्नुपर्छ भन्ने मान्यता थियो । तर, आफ्नो फिल्मले त्यसलाई गलत साबित गरेको उनको भनाइ छ।

उनले सिनेमा आम मानिसको माध्यम भएको र दर्शकले नै फिल्म राम्रो वा नराम्रो भन्ने निर्णय गर्ने बताए । पहिले समीक्षक र सामाजिक सञ्जालले फिल्म कस्तो छ भनेर दर्शकलाई बताउने गरेको धारणा पनि अब बदलिएको उनले उल्लेख गरे।

फिल्म उद्योगको मौनतालेनिर्देशक अचम्मित



फिल्म सफल भएपछि उद्योगबाट अपेक्षित प्रतिक्रिया नआएको विशालले बताएका छन् । ठूला फिल्म सफल हुँदा फिल्म उद्योगका स्थापित व्यक्तिहरूबाट प्रशंसा तथा औपचारिक वक्तव्य आउने गरेको भए पनि आफ्नो फिल्मका लागि कुनै ठूलो निर्माण कम्पनीले प्रशंसा गरेको वक्तव्य जारी नगरेको उनको भनाइ छ ।

'जब मानिसहरू मसँग भेट्छन्, फिल्मको निकै प्रशंसा गर्छन्' उनले भने, 'वरुण धवन, वीरेन्द्र सहवागलगायत केही ठूलो मन भएका मानिसहरूले खुलेर प्रशंसा गरेका छन् । तर, कुनै ठूलो स्टुडियो वा स्थापित निर्माण कम्पनीले फिल्मको सफलताबारे पत्र वा वक्तव्य जारी गरेको छैन ।'

सिक्वेलको काम किन रोकियो ?

यसअघि विशाल चतुर्वेदीले 'हनुमान अंश' को सिक्वेल बनाउने पुष्टि गरेका थिए । तर, फिल्मका निर्माता अनुप्रिया नागर, विशाल चतुर्वेदी, रागिनी सोना र नम्रता जी. सिंहबीच विवाद भएको खबरका कारण सिक्वेलको काम रोकिएको बताइएको छ ।

फिल्म नोभेम्बर २७ देखि एक स्ट्रिमिङ प्लेटफर्ममा उपलब्ध हुने खबर छ।

ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- मेष : शिक्षा र स्वास्थ्यमा सुधारका संकेत देखिने छन् ।
- वृष : शिक्षामा गरेको मिहिनेतको फल प्राप्त हुनेछ ।
- मिथुन : समाजमा तपाईको कामको चर्चा हुनेछ।
- कर्कट : राजनीति र सामाजिक क्षेत्रमा घाटा हुनेछ ।
- सिंह : प्रेम सम्बन्ध सुमधुर बन्नेछ ।
- कन्या : लगानीको क्षेत्रमा जोश र जाँगर बढ्ने छ ।
- तुला : शिक्षामा गरेको प्रयास सफल हुनेछ । धार्मिक क्षेत्रमा मन जानेछ ।
- वृश्चिक : विरोधी सक्रिय भएकाले काम गर्दा सचेत बन्नुपर्ने दिन छ ।
- धनु : अग्रजको सुझावमा गरेको काम सफल बन्नेछ ।
- मकर : सोचेका काम बन्नेछन् । हराएका सामान भेटिने सम्भावना छ ।
- कुम्भ: धार्मिक क्षेत्रका व्यक्तिसंगको भेटले मनमा शान्ति मिल्ने छ ।
- मीन: तपाईबाट फाइदा लिन खोज्ने सक्रिय छन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुणा यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

विवाहपञ्चमी महोत्सवः व्यवस्थापनका लागि समिति गठन

टुडे समाचारदाता

जनकपुरधाम।आगामीमङ्सिर २३ गतेदेखि जनकपुरधाममा शुरु हुने साताव्यापी श्रीराम जानकी विवाहपञ्चमी महामहोत्सवको



व्यवस्थापनका लागि विभिन्न समिति गठन गरिएको छ।

महोत्सवलाई भव्य, व्यवस्थित र सुरक्षित बनाउन जानकी मन्दिरले शान्ति सुरक्षा, प्रचारप्रसार, बजार व्यवस्थापन, रङ्गभूमि मैदान तथा प्रवेशद्वार व्यवस्थापन, पण्डाल निर्माण, ट्राफिक, खानेपानी र विद्युत् व्यवस्थापनलगायतका विषयमा छुट्टाछुट्टै समिति गठन गरेको छ।

महोत्सवको तयारीबारे बिहीबार मन्दिर परिसरमा आयोजित सर्वपक्षीय बैठकले समिति गठन गरी जिम्मेवारी बाँडफाँट गर्ने निर्णय गरेको छ। यस वर्षको महोत्सवलाई विगतका वर्षभन्दा थप व्यवस्थित र भव्य बनाउने उद्देश्यले बैठक आयोजना गरिएको छ।

जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवको अगुवाइ तथा उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवको संयोजनमा सम्पन्न बैठकमा उत्तराधिकारी महन्त दासले महोत्सव सफल बनाउन आवश्यक तयारी अघि बढाइएको बताएका छन्।

उनले महोत्सवलाई व्यवस्थित बनाउन स्थानीय प्रशासन, सुरक्षा निकाय, स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक रहेको बताए।

विवाहपञ्चमी महोत्सवमा सहभागी हुन नेपालका विभिन्न जिल्ला तथा भारतको अयोध्यासहितका स्थानबाट हजारौँ साधुसन्त र श्रद्धालु जनकपुरधाम आउने भएकाले उनीहरूको स्वागत, आवास, सुरक्षा र आवागमनलाई सहज बनाउने विषयलाई बैठकले प्राथमिकता दिएको छ।

उखुबारीमा महिलाको शव फेला पऱ्यो



टुडे समाचारदाता

जलेश्वर । महोत्तरीस्थित उखुबारीमा एक महिलाको शव फेला परेको छ। शुक्रबार बिहान स्थानीय ६५ वर्षीया विणामाया पुलामीको शव को जिल्लाको गौशाला नगरपालिका-१ सानो कुशमाडीस्थित उखुबारीमा फेला परेको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ।

प्रहरी निरीक्षक मधुसुदन विश्वकर्माका अनुसार पुलामी बिहीबार घाँस काट्न घरबाट निस्किएकी थिइन् । तर, उनी शुक्रबार बिहान उखुबारीमा मृत अवस्थामा फेला परेकी हुन् । शवको प्रकृति हेर्दा उनको हत्या भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । घाँटीमा गम्छाले कसेको जस्तो देखिएकाले घटनालाई शंकास्पद रूपमा लिएर प्रहरीले अनुसन्धान अघि बढाएको प्रहरी निरीक्षक विश्वकर्माले जानकारी दिए।

घटनाको सूक्ष्म अनुसन्धानका लागि तालिम प्राप्त कुकुरसमेत घटनास्थलमा परिचालन गरिएको प्रहरीले जनाएको छ । महिलाको मृत्युको वास्तविक कारण र घटनामा संलग्न व्यक्तिबारे खुल्न बाँकी रहेको छ। प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको छ।

स्थानीय तहको निर्वाचन वैशाखमा गर्ने प्रस्ताव



टुडे समाचारदाता

काठमाण्डू । स्थानीय तहको निर्वाचन आगामी वैशाखमा र प्रदेशसभाको निर्वाचन मंसिरमा गर्ने निर्वाचन आयोगले प्रस्ताव गरेको छ।

शुक्रबार राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलका शीर्ष नेताहरूसँग आयोगमा भएको छलफलका क्रममा निर्वाचनको प्रस्तावित कार्यतालिका प्रस्तुत गरिएको हो।

छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने, नेपाली काग्रेसका सभापति गगन थापा, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' लगायतका नेताहरू सहभागी थिए।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पनि छलफलका लागि आयोग पुगेका थिए । तर, उनले पार्टीका निर्वाचन विभाग प्रमुख देवेन्द्र दाहाललाई छलफलमा सहभागी हुन जिम्मेवारी दिएर बाहिरिएका थिए।

छलफलका क्रममा नेकपा संयोजक प्रचण्डले आयोगले प्रस्ताव गरेको निर्वाचन तालिका उपयुक्त देखिएको प्रतिक्रिया दिएका छन् । प्रचण्डको सचिवालयका अनुसार स्थानीय तहको निर्वाचन वैशाखभित्र र प्रदेशसभाको निर्वाचन मंसिरमा गर्ने प्रस्ताव समयसापेक्ष रहेको उनको भनाइ थियो। यद्यपि, यस विषयमा पार्टीभित्र थप छलफल र अध्ययन गरेपछि मात्रै अन्तिम धारणा बनाउने उनले बताएका छन्।

यसअघि २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भएको थियो भने सोही वर्ष मंसिर ४ गते प्रदेशसभा निर्वाचन भएको थियो । उक्त निर्वाचनबाट निर्वाचित स्थानीय जनप्रतिनिधिहरूको पाँचवर्षे कार्यकाल आगामी २०८४ वैशाख ३० गते समाप्त हुँदैछ।

स्थानीय तहका गाउँसभा तथा नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्ष हुने संवैधानिक व्यवस्था छ। जनप्रतिनिधिहरूको कार्यकाल समाप्त हुन करिब पाँच महिना मात्रै बाँकी रहेको अवस्थामा आयोगले आगामी निर्वाचनको तयारी र समयतालिकाबारे राजनीतिक दलहरूसँग छलफल अघि बढाएको हो।

आयोगको प्रस्तावअनुसार निर्वाचनको मिति र तयारीबारे राजनीतिक दलहरूको धारणा लिएर आवश्यक प्रक्रिया अघि बढाइनेछ।

१२ लाखबढीको अवैध सामान बरामद



टुडे समाचारदाता

बारा। बारा सशस्त्र प्रहरीले को विश्रामपुर गाउँपालिका-१ कल्याणपुरस्थित सीमावर्ती क्षेत्रबाट १२ लाख रुपैयाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल, नेपाल बीओपी बरैनियाबाट खटिएको गस्ती टोलीले शुक्रबार भारतबाट भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको औषधि, चिनी र झुमर बरामद गरेको जनाइएको छ।

सामान ढुवानीमा प्रयोग गरिएका दुईवटा मोटरसाइकलसमेत नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी बल, नेपाल नम्बर १२ गण हेडक्वार्टर बाराका सूचना अधिकारी एवं सशस्त्र प्रहरी नायब उपरीक्षक विक्रममणि अधिकारीले जानकारी दिए।

उनका अनुसार बरामद गरिएका सामान तथा मोटरसाइकलको अन्दाजी मूल्य १२ लाख १० हजार रुपैयाँ रहेको छ। बरामद सामान र मोटरसाइकल आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।

प्राचीन स्मारकको पुनर्निर्माण

काठमाण्डु। काठमाण्डु महानगरपालिकाले पुरातात्विक महत्वका सम्पदाको पुनर्निर्माण थालेको छ। महानगरपालिका, सम्पदा तथा पर्यटन समितिका संयोजक एवं वडा नं ८ का अध्यक्ष आशामान संगतले, पूर्वाधार निर्माणले नासिएका प्राचीन स्मारक, संरचना तथा कलाकृतिलाई पुनरुत्थानका लागि काम भइरहेको जानकारी दिनुभयो।

भुवनेश्वरी भकुंटोलमा रहेको भुवनेश्वरी गणेश फल्चाको पुनःरुत्थानका लागि शिलान्यास भइसकेको छ। काठमाडौँ नगर पञ्चायतले २०३९ सालमा बनाएको इन्भेन्ट्रीमा यसको निर्माण १९९३ सालमा भएको देखिन्छ। इन्भेन्ट्री बनाउँदा देवपतनमा रहेको फल्चाको भौतिक अवस्था नराम्रो भनेर उल्लेख गरिएको छ।

नराम्रो अवस्थामा रहेको फल्चा निर्माण गर्नुको साटो पशुपति क्षेत्रको विकास गर्ने बेला नामनिशान मेटाइएको उल्लेख छ। भौतिक स्वरुपबाट हटाइएको फल्चालाई पुरानो दस्तावेजका आधारमा ह पुनःरुत्थान थालेको वडा अध्यक्ष सङ्गतले बताउनुभएको छ। रासस

मिथिला क्षेत्र उत्सवमय



महोत्तरी।: मधेशको प्राचीन मिथिला क्षेत्र शुक्रबार उत्सवमय बनेको छ। हिन्दू परम्पराका इष्टदेव श्री विष्णु चार महिनाको निद्राबाट ब्युझेर तुलसीसँग विवाह गर्नुभएको विश्वासमा शुक्रबार मिथिला क्षेत्र उत्सवमय भएको हो।

चन्द्रमासको कात्तिक शुक्ल एकादशी तिथिका दिन श्री विष्णु चार महिनाको निद्राबाट ब्युझेर तुलसा (वनष्पति) सँग विवाह गर्नुभएको विश्वास गरिन्छ । मैथिल परम्परामा यो एकादशीलाई बोधिनी पनि भनिन्छ। शास्त्रीय परम्परामा यो एकादशीको नाउँ हरिबोधिनी र हरिप्रबोधनी पनि रहेको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउनुहुन्छ।

यस पर्वको अवसरमा भक्तिपूर्वक व्रत रही भजनकीर्तन र भगवान् श्री विष्णु र तुलसाबीच विवाह समारोह आयोजना गरेर देवोत्थान उत्सव मनाउने मैथिल परम्परा छ।

शुक्रबार यस अवसरमा यहाँ प्रायः सबै मिथिला बस्तिमा श्री विष्णु र तुलसाबीच विवाहका मङ्गल गीत गुञ्जदैछन् । श्री विष्णु र तुलसाप्रति समर्पित यो पर्वपछि मिथिलामा विवाह, यज्ञोपवित (व्रतबन्ध), गृहप्रवेश, मुण्डन र यज्ञयज्ञादिसहितका शुभकार्यको बाटो खुल्ने मानिन्छ।

श्री विष्णु समुद्रमा सयन गर्नुभएको मानिने असार शुक्ल एकादशीपछि रोकिने यस्ता शुभकार्य देवोत्थान उत्सवसँगै खुल्ने मान्यताले यो पर्व मैथिल परम्परामा खास मानिन्छ।

असार शुक्लपक्षको एकादशीलाई श्री विष्णु सयन गर्नुभएको विश्वासमा सो दिनलाई हरिसयनी र कात्तिक शुक्ल एकादशीका दिन जाग्ने मान्यताले यसलाई हरिवोधनी भनिएको मैथिल संस्कृतिविद् जलेश्वर-५ पतैलीका बासिन्दा ध्रुव रायको भनाइ छ।

देवोत्थान उत्सवपछि हरिसयनी एकादशी अघिसम्म आयोजना गरिने शुभकार्यमा श्री विष्णुको कृपादृष्टि रहने मैथिल विश्वास गर्छन्।

मिथिलामा यो पर्व निष्ठाका साथ व्रत गर्दै श्री विष्णु र तुलसाबीच विवाह उत्सव मनाएर गरिन्छ । यस दिन घरआँगनको तुलसीको मठ सिँगार्ने र विष्णु रुप मानेर शालिग्रामसँग तुलसाको विवाह भएको उत्सव मनाइन्छ।

यो विवाह उत्सवमा मिथिलानी (मिथिलाका नारी) सुमधुर विवाह गीत गाउँछन्।

'बाजु सहनाई, बाजु मृदंग,
हरषित भेल मिथिलाक अंगअंग।
तुलसीक मण्डप फूलसँ सजल,
हरि-तुलसीक जोडी खिलैत रहल।
जयजय विष्णु, जयजय तुलसी रानी,
अमर रहय ई प्रेमक कहानी।'

उक्त मधुर गीतका बीच श्री विष्णु र तुलसी विवाह सम्पन्न गर्ने मैथिल परम्परा छ। उत्सवका बीच मिथिलानी विवाहका विधि नै पिच्छे मङ्गलगीत गाइरहन्छन्।

अघि सत्य युगमा जालन्धर नाम गरेका दैत्यकी पत्नी वृन्दा पतिव्रता नारी थिइन् भन्ने पौराणिक कथा छ। वृन्दाको पतिव्रता पूण्यले जालन्धरको अन्त्य गर्न नसकेपछि शिवजीको सल्लाहमा श्री विष्णुले जालन्धरको रुप धारण गरी उनको धर्म नष्ट गर्नुभएको वर्णन छ।

वृन्दाको पतिव्रता धर्म नष्ट भएपछि जालन्धरको संहार हुन्छ। पछि यो कुरा थाहा पाएपछि वृन्दाले श्री विष्णुलाई ढुङ्गा बन्ने श्राप दिनुभएको कथा छ।

वृन्दाको श्रापले श्री विष्णु शालिग्राम पत्थर बन्नु भएको र विष्णुले वृन्दालाई झार हुने र आफूले विवाह गर्ने बताएपछि वृन्दा तुलसी रुपमा अवतरित भएकी विश्वास गरिन्छ।

दुवैको श्रापले श्री विष्णु शालिग्राम र वृन्दा तुलसा बनेका र कात्तिक शुक्ल एकादशीका दिन दुवैको विवाह भएको विश्वासमा यो परम्परा मनाउँदै आएको बताइन्छ। तुलसा औषधीय गुणयुक्त वनष्पति भएको हुँदा हिन्दू समाजमा घरघरै मठ बनाएर देवीका रुपमा पूजाअर्चनाको परम्परा चलेको हो।

देवोत्थान एकादशी व्रत प्रभावले विष्णुलोक प्राप्त हुने मैथिल हिन्दू जनविश्वास छ। यस दिन बिहानै सूर्योदयपूर्व धार्मिक महत्वका जलाशयमा नुहाएर व्रत सङ्कल्प गरिन्छ।

यो व्रत कसैले निराहार र कसैले फलाहार गरेर मनाउँछन् । पर्वका दिन तुलसी मठ, तलाउको डिल र गाउँबस्तीका धार्मिक महत्वका मठमन्दिरमा साँझ दीपोत्सव मनाइन्छ।

पर्वको मुख्य आकर्षण भने तुलसी शालिग्राम विवाह नै रहने मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्र दास वैष्णव बताउनुहुन्छ। भगवान् विष्णु जागा हुने र यसै दिन तुलसीसँग विवाह हुने दिनलाई मिथिलानीले गीतमा यसरी जोड्छन्।

'देव उठल कात्तिकमें, शुभ कार्य स'ब होइ,
तुलसी विवाहक नेपथ्यसँ मंगल बजन गुँजी सोइ।'

पर्वमा राती जाग्राम बसेर हरि कीर्तन गर्दै भोलिपल्ट द्वादशी तिथिमा यो व्रत साङ्गता गरिने मैथिल प्रचलन छ।

वर्षका सबै एकादशी व्रत गर्न नसकेका हरुले पनि देवोत्थान र हरिशयनी एकादशी व्रत गरे सबै व्रत गरेको पूण्य प्राप्त हुने एकादशी महात्म्यमा उल्लेख रहेको डा. वैष्णवको भनाइ छ। रासस

शिलान्यासमा रिद्धि सिद्धि सिमेन्टको विशेष योजना

टुडे समाचारदाता

जनकपुरधाम। घर निर्माणको शुभारम्भ अर्थात् शिलान्यासलाई अझ विशेष र स्मरणीय बनाउने उद्देश्यले रिद्धि सिद्धि सिमेन्टले 'शिलान्यासमा रिद्धि सिद्धिसँग' नामक विशेष योजना सार्वजनिक गरेको छ।

योजनाअन्तर्गत रिद्धि सिद्धि सिमेन्ट प्रयोग गर्ने ग्राहकले आफ्नो निर्माण साइट दर्ता गराई ५ ग्राम चाँदीको सिक्कासहित शिलान्यासका लागि आवश्यक सम्पूर्ण पूजा सामग्री समावेश गरिएको विशेष 'शिलान्यास बक्स' प्राप्त गर्न सक्नेछन्।

कम्पनीका अनुसार घर निर्माणको पहिलो चरणलाई नेपाली परम्परा, आस्था र संस्कृतिसँग जोड्दै ग्राहकलाई आवश्यक पूजा सामग्री सहज रूपमा उपलब्ध गराउने उद्देश्यले यो योजना ल्याइएको हो।



योजनामा सहभागी हुन ग्राहकले कम्पनीले उपलब्ध गराएको क्यूआर कोड स्क्यान गरी रजिस्ट्रेसन फारममा आफ्नो विवरण भर्नुपर्नेछ । साथै, कम्तीमा १०० बोरा वा सोभन्दा बढी रिद्धि सिद्धि सिमेन्ट खरिद गरेको भ्याट बिलसमेत अपलोड गर्नुपर्नेछ।

योजनाअन्तर्गत प्रत्येक निर्माण साइटले एकपटक मात्र शिलान्यास बक्स प्राप्त गर्न सक्नेछन्। ग्राहकले पेस गरेको भ्याट बिलका आधारमा सहभागिता प्रमाणीकरण गरिनेछ भने कम्पनीका प्रतिनिधिहरू स्वयं निर्माण साइटमा पुगेर शिलान्यास बक्स र ५ ग्राम चाँदीको सिक्का उपलब्ध गराउनेछन्।

कम्पनीले यो योजना २०८३ साल मंसिर ४ गतेदेखि पुस ४ गतेसम्म लागू हुने जनाएको छ। उक्त अवधिमा रिद्धि सिद्धि सिमेन्ट खरिद गर्ने ग्राहकले योजनामा सहभागी हुन सक्नेछन्।

गुणस्तरीय निर्माण सामग्री उपलब्ध गराउनुका साथै ग्राहकको निर्माण यात्राका महत्वपूर्ण अवसरलाई समेत विशेष बनाउने उद्देश्यले योजना ल्याइएको कम्पनीको भनाइ छ।

'गुणस्तरको नयाँ स्तर' भन्ने प्रतिबद्धतासहित ग्राहकसँगको सम्बन्ध थप सुदृढ गर्ने लक्ष्य राखेको रिद्धि सिद्धि सिमेन्टले आफ्नो घर निर्माणको शुभ सुरुवातलाई अझ शुभ, विशेष र स्मरणीय बनाउन ग्राहकलाई योजनामा सहभागी हुन आग्रह गरेको छ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०८/०५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण
सुनार यादवको नाति, पुलकित यादवको छोरा, धनुषा जिल्ला, साविक सपही न.पा./गा.वि.स., वडा नं. ३, स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा/गा.पा वडा नं. ९ बस्ने **राज किशोर यादव** (ना.प्र.नं. ८२९५२८७२, जारी मिति २०४५/०२/०१, जि.प्र.का. धनुषा)।
व्यक्तिगत जमानीकर्ताको विवरण
१. पुलकित यादवको बुहारी, राज किशोर यादवको पत्नी, धनुषा जिल्ला, साविक सपही न.पा./गा.वि.स., वडा नं. २, स्थायी ठेगाना भई, हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा/गा.पा. वडा नं. ९, बस्ने **अमृता यादव** (ना.प्र.नं. ८२९५२५४०, जारी मिति २०५१/०९/२१, जि.प्र.का. धनुषा)।
२. पुलकित यादवको नाति, राज किशोर यादवको छोरा, धनुषा जिल्ला, साविक सपही न.पा./गा.वि.स., वडा नं. २, स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा/गा.पा. वडा नं. ९ बस्ने **अभाष कुमार यादव** (ना.प्र.नं. १७१०९५/३०८, जारी मिति २०६८/०७/१३, जि.प्र.का. धनुषा)।
३. पुलकित यादवको नाति, राज किशोर यादवको छोरा, धनुषा जिल्ला, साविक सपही न.पा./गा.वि.स., वडा नं. २, स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा/गा.पा. वडा नं. ९ बस्ने **विभाष यादव** (ना.प्र.नं. १७१०९५/५९५, जारी मिति २०७०/०२/२०, जि.प्र.का. धनुषा)।
धितोको विवरण
अभाष कुमार यादव (ना.प्र.नं. १७१०९५/३०८, जारी मिति २०६८/०७/१३, जि.प्र.का. धनुषा) को नाममा मालपोत कार्यालय, जनकपुरधाम धनुषामा दर्ता कायम रहेको साविक धनुषा जिल्ला, जनकपुर वडा नं. १४, हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा, वडा नं. १४ स्थित कि.नं. २६ र ३५ को क्षेत्रफल क्रमशः ०-७-५-० र ०-०-३-२ जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत..... ।

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

Irrigation and Water Resources Management Project
Janakpur, Dhanusha

Letter of Intent

(Date of Publication: 2083/08/05)

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA 2063 and instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as evaluated substantially responsive bid.

S. N.	Contract Identification No.	Name of Bidder	Bid Price (With PS & VAT)
1.	IWRMP/Dhanusha/Kamala/RTW-36/2083-084	Pashupati Nirman Sewa, Nagarjun-9, Kathmandu, Nepal	5,49,73,859.02
2.	IWRMP/Dhanusha/Kamala/RTW-37/2083-084	Balaji Nirman Sewa, Siraha-1, Siraha	1,91,97,523.80
3.	IWRMP/Dhanusha/Rato/RTW-38/2083-084	Kalyan Construction Pvt. Ltd., Babarmahal-11, Kathmandu	2,23,12,453.91
4.	IWRMP/Dhanusha/Maraha/RTW-39/2083-084	RK- RUBY JOINT VENTURE, Rajbiraj-08, Saptari	2,36,15,205.82

Project Chief

नेता निधि पुनः कांग्रेस सभापतिमा उम्मेदवारी दिने

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पुनः सभापतिमा उम्मेदवारी दिने तयारी गरेका छन् । मधेशका नेताहरूको चौतर्फी दबाबपछि आफूले सभापतिमा उम्मेदवारी दिन तयारी गरेको उनले बताएका छन् ।



शुक्रबार जनकपुरधाममा सञ्चारकर्मीसँग कुरा गर्दै नेता निधिले आफूहरू नै वास्तविक कांग्रेस र पार्टीको विधानअनुसार चल्ने पक्षधर रहेको दाबी गर्दै उनले कथित महाधिवेशन पार्टी विधानविपरीत रहेको टिप्पणी गर्दै आफूहरू विधानसम्मत प्रक्रियाबाटै महाधिवेशन गर्ने तयारीमा रहेको स्पष्ट पारे ।

वडा तहदेखि प्रदेश तहसम्मका अधिवेशन सम्पन्न गरेर मात्रै पार्टीको महाधिवेशनमा सहभागी हुने उनको भनाइ थियो । मधेश प्रदेशको अधिवेशन तयारीका लागि आठवटै जिल्लाका नेता तथा कार्यकर्ताहरूको सहभागितामा बर्दिवासमा बैठक गर्न लागिएको समेत उनले बताए ।

निधिले पार्टीको १५औँ महाधिवेशन आगामी मंसिर २१, २२ र २३ गते काठमाडौंमा आयोजना हुने जानकारी दिए । महाधिवेशनको उद्घाटन काठमाडौंको टुँडिखेलमा र निर्वाचनसम्बन्धी कार्यक्रम राष्ट्रिय सभागृहमा सञ्चालन हुने बताए । तीन दिनसम्म चल्ने महाधिवेशनको तयारी तीव्र रूपमा भइरहेको उनको भनाइ छ ।

महाधिवेशनलाई लक्षित गर्दै पार्टीले वडा, क्षेत्र र जिल्ला तहका अधिवेशन सम्पन्न गरी प्रदेश अधिवेशनको प्रक्रिया अघि बढाएको छ । निधिका अनुसार देशका १६५ निर्वाचन क्षेत्रमध्ये १४४ क्षेत्रमा क्षेत्रीय अधिवेशन सम्पन्न भइसकेको छ भने ७७ जिल्लामध्ये ५२ जिल्लामा जिल्ला अधिवेशन सकिएको छ । बाँकी क्षेत्रमा पनि अधिवेशनको प्रक्रिया जारी रहेको उनले बताए ।

पत्रकार सम्मेलनमार्फत निधिले सातै प्रदेशको अधिवेशन तालिकासमेत सार्वजनिक गरेका छन् । जसअनुसार गण्डकी प्रदेशको मंसिर ५ गते पोखरा, लुम्बिनीको ७ गते दाङको भालुवाङ, कर्णालीको १३ गते सुर्खेत र मधेश प्रदेशको १४ गते जनकपुरधाममा अधिवेशन हुनेछ ।

त्यस्तै, सुदूरपश्चिम प्रदेशको मंसिर १५ गते धनगढी, कोशी प्रदेशको १७ गते विराटनगर र बागमती प्रदेशको १९ गते काठमाडौंमा अधिवेशन आयोजना गरिनेछ ।

मधेश प्रदेश अधिवेशनको तयारीलाई व्यवस्थित बनाउन बर्दिबासमा प्रदेशका आठै जिल्लाका जिल्ला सभापति, ३२ वटै निर्वाचन क्षेत्रका प्रतिनिधि तथा केन्द्रीय पदाधिकारी र सदस्यहरूको बैठक बस्ने उनले बताए । मधेश प्रदेशका संयोजक पद्मनारायण चौधरीसहित नेताहरूको सहभागितामा हुने बैठकले अधिवेशनको तयारी र व्यवस्थापनबारे समीक्षा गर्नेछ ।

निधिले पार्टीको विधान, देशको कानुन र संगठनात्मक परम्पराअनुसार वडा तहदेखि प्रदेश तहसम्मका अधिवेशन सम्पन्न गरेर मात्रै राष्ट्रिय महाधिवेशनमा सहभागी हुने स्पष्ट पारे । यसैबीच, नेता निधिले प्रधानमन्त्री बालेन्द्र शाहको आसन्न भारत भ्रमणलाई नेपाल-भारत सम्बन्ध थप प्रगाढ बनाउने अवसरका रूपमा उपयोग गर्नुपर्ने बताए ।

उनले प्रधानमन्त्री शाहको भारत भ्रमण सफल होस् भन्ने शुभकामना व्यक्त गर्दै भ्रमणका क्रममा तय गरिएका सबै उद्देश्य हासिल हुने विश्वास व्यक्त गरे । जनकपुरधामदेखि भारतको अयोध्यासम्म रेल सेवा सञ्चालन गर्ने पहललाई सकारात्मक र महत्त्वपूर्ण कदमको संज्ञा दिँदै निधिले यसको प्रभावकारी कार्यान्वयनमा जोड दिए ।

बहुदल आएपछि शैक्षिक अवस्था बिग्रेको हो : पूर्व राष्ट्रपति डा. यादव

"पहिले समुदायको हातमा शिक्षा थियो । जबदेखि शिक्षालाई सरकारले आफ्नो हातमा लियो, त्यही बेलादेखि शिक्षा बरबाद हुन सुरु भयो," उनले भने, "अब शिक्षाको बागडोर सम्बन्धित स्थानीय सरकारले लिनुपर्छ । विद्यालयका प्रधानाध्यापकले पनि आफ्नो जिम्मेवारी पूरा गरे मात्र मधेशको शिक्षाको अवस्था सुधार गर्न सकिन्छ ।"

टुडे समाचारदाता

जनकपुरधाम । पूर्वराष्ट्रपति डा. रामवरण यादवले देशको शैक्षिक अवस्था बहुदल आएपछि बिग्रेको बताएका छन् । उनले अब खस्किँदो शैक्षिक अवस्था सुधार गर्न स्थानीय तह, विद्यालय र समुदायले अभिभावकीय जिम्मेवारी लिनुपर्ने बताए ।

शुक्रबार जनकपुरधाममा आयोजित प्रिन्सिपल एसोसिएसन नेपाल (प्यान) को केन्द्रीय अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपति यादवले यस्तो बताएका हुन् ।

उनले विगतमा शिक्षा समुदायको स्वामित्व र प्रत्यक्ष निगरानीमा रहेकाले विद्यालयप्रति स्थानीय समुदायको अपनत्व र जिम्मेवारी बढी हुने गरेको स्मरण गर्दै भने देशमा बहुदल आएदेखि जिम्मेवारी सरकारको नियन्त्रणमा गएपछि शिक्षाको गुणस्तर क्रमशः खस्किँदै गएको हो ।

'पहिले समुदायको हातमा शिक्षा थियो । जबदेखि शिक्षालाई सरकारले आफ्नो हातमा लियो, त्यही बेलादेखि शिक्षा बरबाद हुन सुरु भयो,' उनले भने, 'अब शिक्षाको बागडोर सम्बन्धित स्थानीय सरकारले लिनुपर्छ । विद्यालयका प्रधानाध्यापकले पनि आफ्नो जिम्मेवारी पूरा गरे मात्र मधेशको शिक्षाको अवस्था सुधार गर्न सकिन्छ ।'

पूर्वराष्ट्रपति यादवले शिक्षा सुधारको प्रमुख आधार समुदायको सक्रिय सहभागिता भएको उल्लेख गर्दै स्थानीय समुदायलाई तीनै तहका सरकारले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेमा जोड दिए । विद्यालयको



शैक्षिक वातावरण सुधार, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि तथा शिक्षण प्रणालीलाई प्रभावकारी बनाउन समुदायको प्रत्यक्ष भूमिका आवश्यक रहेको उनको भनाइ थियो ।

स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले आपसी समन्वय र सहकार्यका साथ विद्यालयलाई समुदायसँग जोड्न सके मात्रै विगतको गुणस्तरीय शिक्षा प्रणाली पुनःस्थापित गर्न सकिने उनले बताए ।

मधेशको समग्र सामाजिक तथा आर्थिक विकासका लागि शिक्षा क्षेत्रको सुधार अपरिहार्य रहेको उल्लेख गर्दै यादवले विद्यालय, शिक्षक, प्रधानाध्यापक र समुदाय सबैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा सभामुख रामआशिष यादवले प्रदेशको खस्किएको शैक्षिक अवस्था सुधारका लागि सबैले संकल्प लिएर अघि बढनुपर्नेमा जोड दिए । उनले भने आफू एउटा सांसद भएपछि आफ्नो निर्वाचन क्षेत्रमा शैक्षिक सुधारका लागि केही प्रयास गरे । अब सभामुख भएपछि समन्वयको प्रयास गरिरहेछु ।

सभामुख यादवले नेपाल बाहेक अन्य राष्ट्रमा सबै सरकारी कर्मचारीभन्दा बढी तलब शिक्षकको रहेको छ । तर यहाँ त बढी तलब के शिक्षकलाई समयमा तलब पनि दिइदैन । आफू कहाँ यस्ता गुनासासहितका शिक्षकहरुको पीडा दिनहुँ आउने गरेको बताए ।

अष्टावक्र र राजर्षि जनक जस्ता विदुषीको यस भूमिमा खस्किँदै गएको शिक्षाको गुणस्तर बढाउन स्थानीय तहले आफ्नो जिम्मा सम्पूर्ण जिम्मेवारी लिएर अघि बढनुपर्ने भन्दै शैक्षिक अवस्था सुधारका लागि केही टिप्सहरु उल्लेख गरे ।

युवकको रहस्यमय मृत्यु



टुडे समाचारदाता

मलंगवा । प्रेमिका भेट्न गएका एक युवकको सर्लाहीको लालबन्दीमा रहस्यमय मृत्यु भएको छ । प्रेमिकाको कोठामा अचेत अवस्थामा फेला परेका हरिपुर्वा नगरपालिका-९ बगेवा गाउँका २० वर्षीय अमित चौधरीको उपचारका क्रममा मृत्यु भएको बुझिएको छ ।

प्रहरीका अनुसार बिहीबार साँझ लालबन्दी नगरपालिका-५ स्थित पुरानो पूर्वपश्चिम राजमार्ग क्षेत्रमा रहेको प्रेमिकाको कोठामा चौधरी अचेत अवस्थामा फेला परेका थिए । उनलाई तत्काल उपचारका लागि मोडेल अस्पताल लालबन्दी पुर्याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतक चौधरीको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको छ । उनको मृत्युको वास्तविक कारण भने खुल्न सकेको छैन । घटनाको अनुसन्धानका क्रममा प्रहरीले मृतककी प्रेमिकालाई नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिए । प्रहरीले पोस्टमार्टम रिपोर्ट तथा अनुसन्धानबाट मृत्युको कारण खुल्ने जनाएको छ ।

महसुल नतिर्दा खानेपानी ठप्प, १६ सय परिवार चार दिनदेखि काकाकुल

टुडे समाचारदाता

रौतहट । रौतहटको कटहरियामा विद्युत् महसुल भुक्तानी नगर्दा खानेपानी सेवा पुनः अवरुद्ध भएको छ । नेपाल विद्युत् प्राधिकरणले खानेपानी उपभोक्ता समितिको विद्युत् मिटर नै निकालेर लगेपछि करिब १ हजार ६ सय परिवार चार दिनदेखि पानीको समस्यामा परेका छन् ।

कटहरिया नगरपालिका-४ र ५ का बासिन्दालाई लक्षित गरी सञ्चालन हुँदै आएको खानेपानी योजनाको विद्युत् आपूर्ति गत मंगलबारदेखि बन्द छ। घरका धारामा पानी आउन छाडेपछि स्थानीयलाई दैनिक उपभोग र पिउने पानीको व्यवस्था गर्नसमेत कठिनाइ भएको छ ।

दशैँ-तिहारको समयमा प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलको पहलमा अस्थायी रूपमा पुनः जोडिएको विद्युत् लाइन महसुल नतिरेपछि फेरि काटिएको हो ।

कटहरियाका मेयर अजयप्रकाश जैसवालले दशैँ बिदापछि कार्यालय खुलेलगत्तै महसुल बुझाउने प्रतिबद्धता जनाएका थिए। तर छठ पर्व बितिसक्दा पनि बक्यौता रकम भुक्तानी नभएपछि बाध्य भएर विद्युत् मिटर निकाल्नुपरेको नेपाल विद्युत् प्राधिकरण मौलापुर वितरण केन्द्रका प्रमुख उमेश दासले बताए ।

दासका अनुसार खानेपानी उपभोक्ता समितिको नाममा १० लाख ४२ हजार ५०६ रुपैयाँ विद्युत् महसुल बाँकी छ। पटक-पटक ताकेता गर्दा पनि रकम नबुझाएपछि विद्युत् सेवा बन्द गरिएको उनको भनाइ छ।



बिल तिर्नेमा विवाद

खानेपानी सेवा बन्द भएपछि यसको जिम्मेवारीलाई लिएर नगरपालिका र उपभोक्ता समितिबीच विवाद चुलिएको छ । कटहरिया नगरपालिका-४ का वडाध्यक्ष चन्दन कुशवाहाले नगरप्रमुखको लापरबाहीका कारण सर्वसाधारणले पानीको सास्ती खेप्नुपरेको आरोप लगाएका छन् ।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साहले भने विद्युत् महसुल तिर्ने जिम्मेवारी नगरपालिकाकै भएको दाबी गरेका छन् । निर्वाचनका बेला र त्यसपछि पनि मेयर जैसवालले नगरवासीलाई निःशुल्क खानेपानी उपलब्ध गराउने घोषणा गरेकाले त्यसको सञ्चालन खर्चसमेत नगरपालिकाले व्यहोर्नुपर्ने उनको तर्क छ ।

अध्यक्ष साहले खानेपानीको विद्युत् महसुल तिर्न नसक्ने नगरपालिकाले करिब २४ लाख रुपैयाँ खर्च गरेर क्रिकेट प्रतियोगिता आयोजना गर्न लागेको भन्दै आपत्ति जनाएका छन् ।

उनले खानेपानीको बिल भुक्तानीभन्दा क्रिकेट प्रतियोगितामा खर्च गर्न नगरपालिका बढी उत्साहित देखिएको आरोप लगाउँदै प्रतियोगिताको सम्पूर्ण खर्च विवरण सार्वजनिक गर्न चुनौती दिएका छन् ।

खानेपानीको महसुल तिर्दा मेयरलाई कमिसन नआउने तर प्रतियोगिताको नाममा विभिन्न शीर्षकमा खर्च गर्न सकिने भएकाले भुक्तानीमा बेवास्ता गरिएको उनको आरोप छ। यद्यपि, अध्यक्ष साहले लगाएको उक्त आरोपको स्वतन्त्र पुष्टि हुन सकेको छैन ।

विद्युत् महसुल भुक्तानी नभएको विषयमा नगरप्रमुख जैसवालले बुधबार सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गरेका छन् ।

उनले प्रमुख प्रशासकीय अधिकृतको पटक-पटक सरुवा भएका कारण खानेपानीको विद्युत् महसुल भुक्तानीमा समस्या भएको दाबी गरेका छन्। केही विपक्षीले आफूविरुद्ध षड्यन्त्र गरिरहेको आरोप लगाउँदै यस घटनामा आफ्नो दोष नरहेको जिकिरसमेत गरेका छन् ।

तर प्रशासनिक नेतृत्वको सरुवा र आन्तरिक व्यवस्थापनको समस्याको मार भने खानेपानी उपभोग गर्ने सर्वसाधारणले भोग्नुपरेको छ ।

नगरपालिका घेराउ गर्ने चेतावनी

खानेपानी सेवा चार दिनदेखि बन्द हुँदा स्थानीय उपभोक्ताको आक्रोश बढ्दै गएको छ। उनीहरूले तत्काल विद्युत् लाइन जोडेर पानी वितरण सुरु नगरे नगरपालिका कार्यालय घेराउ गर्ने र आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

नगरपालिकाको बजेटबाट क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने तयारी भइरहँदा आधारभूत सेवाका रूपमा रहेको खानेपानी योजनाको विद्युत् महसुलसमेत भुक्तानी हुन नसक्नुले नगरपालिकाको खर्च प्राथमिकतामाथि गम्भीर प्रश्न उठाएको छ ।

एकातिर १० लाख रुपैयाँभन्दा बढी महसुल बक्यौता छ, अर्कोतिर २४ लाख रुपैयाँ खर्चेर खेलकुद प्रतियोगिता गर्ने तयारी छ। यही अवस्थाले अहिले कटहरियामा विकास बजेटको प्राथमिकता र जनप्रतिनिधिको जवाफदेहिताबारे बहस चर्काएको छ ।

वीरगञ्जसहित चार स्थानीय तहमा एकीकृत बस सञ्चालन

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकासहित पर्सा र बाराका विभिन्न चारवटा स्थानीय तहमा एकीकृत सार्वजनिक यातायात सेवा (नगर बस) सञ्चालनको तयारी अघि बढाइएको छ ।

वीरगञ्ज महानगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिका, कलैया उपमहानगरपालिका र परवानीपुर गाउँपालिकालाई जोडेर नगर बस सेवा सञ्चालन गर्न लागिएको हो ।

वीरगञ्जमहानगरपालिकाका मेयर राजेशमान सिंहको अध्यक्षतामा बसेको अन्तरपालिका बैठकले यही मंसिरभित्र नगर बस सेवा सञ्चालन गर्ने लक्ष्यसहित आवश्यक तयारी अघि बढाउने निर्णय गरेको छ ।

बैठकले नगर बस सेवालाई दिगो र व्यवस्थित बनाउन चारवटै पालिकाको सहभागितामा १ करोड रुपैयाँको एकीकृत सञ्चालन कोष स्थापना गर्ने निर्णयसमेत गरेको छ। कोषमा वीरगन्ज महानगरपालिकाले ४० लाख, जीतपुरसिमरा उपमहानगरपालिकाले ३० लाख, कलैया उपमहानगरपालिकाले २५ लाख र परवानीपुर गाउँपालिकाले ५ लाख रुपैयाँ जम्मा गर्नेछन् ।

यसअघि गत कात्तिक १२ गते बसेको बैठकले एकीकृत यातायात सेवा सञ्चालनको सम्भाव्यता अध्ययन तथा आवश्यक तयारीका लागि चारवटै पालिकाका प्रतिनिधि सम्मिलित कार्यदल गठन गरेको थियो। बिहीबारको बैठकले कार्यदलले तयार पारेको प्रतिवेदन आवश्यक संशोधनसहित पारित गरेको छ ।

यस्तै, नगर बस सञ्चालनसम्बन्धी कार्यविधि तयार पार्ने जिम्मेवारी पनि कार्यदललाई दिइएको छ। कार्यदलले मंसिर ७ गतेभित्र कार्यविधि तयार गरी पेस गर्नुपर्नेछ । वीरगन्ज महानगरपालिकाका राजस्वप्रशासन महाशाखा प्रमुख डा. सुनिल आचार्यको संयोजकत्वमा गठित कार्यदलमा जीतपुर सिमरा उपमहानगरपालिकाका लेखापाल हरिशंकर प्रसाद कुर्मी, कलैया उपमहानगरपालिकाका अजय उप्रेती र परवानीपुर गाउँपालिकाका कृष्णकुमार यादव सदस्य रहेका छन् ।

चारवटै पालिकालाई एकीकृत सार्वजनिक यातायात सञ्जालमा जोड्ने योजनाअन्तर्गत यो पहल अघि बढाइएको हो। सहायक सडक तथा ग्रामीण बस्तीलाई मुख्य सडक सञ्जालसँग जोड्दै अन्तरपालिका आवागमन



सहज बनाउनु यसको मुख्य उद्देश्य रहेको छ । नगर बस सेवा सञ्चालनमा आएपछि मुख्य सडकबाट टाढा रहेका ग्रामीण क्षेत्रका नागरिकलाई बजार, अस्पताल, शैक्षिक संस्था तथा सरकारी कार्यालयसम्म पुग्न सहज हुने अपेक्षा गरिएको छ । निजी सवारीसाधनमा निर्भर हुनुपर्ने र गन्तव्यमा पुग्न पटक-पटक सवारी परिवर्तन गर्नुपर्ने बाध्यता पनि कम हुने विश्वास गरिएको छ ।

बैठकमा जीतपुरसिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेल,कलैयाउपमहानगरपालिकाका प्रतिनिधि अजय उप्रेती, वीरगन्ज महानगरपालिकाका प्रशासन महाशाखा प्रमुख कीर्तिराज सुवेदीलगायतको उपस्थिति थियो ।

गौर भन्सारमा १६ करोड बढी राजश्व असुली

टुडे समाचारदाता

रौतहट । सीमा क्षेत्रमा हुने अवैध कारोबार नियन्त्रण र भन्सार प्रशासनको सक्रियताले गौर भन्सार कार्यालयको राजस्व सङ्कलनमा उल्लेखनीय सुधार देखिएको छ ।

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चार महिनामै कार्यालयले निर्धारित लक्ष्यभन्दा झण्डै चार करोड रुपैयाँ बढी राजस्व सङ्कलन गरेको छ ।

साउनदेखि कात्तिक मसान्तसम्म गौर भन्सारले कुल १६ करोड ६९ लाख ३ हजार रुपैयाँ राजस्व उठाएको छ । यो अवधिका लागि निर्धारण गरिएको लक्ष्यको १२४.३७ प्रतिशत हो। अर्थात् कार्यालयले लक्ष्यभन्दा २४.३७ प्रतिशत बढी राजस्व सङ्कलन गर्न सफल भएको छ ।

चार महिनाको तथ्याङ्क हेर्दा राजस्व सङ्कलनमा मासिक उतारचढाव देखिए पनि असोज र कात्तिकमा भने उल्लेखनीय वृद्धि भएको छ। भदौमा लक्ष्यअनुसार राजस्व उठाउन नसकेको कार्यालयले त्यसपछिका महिनामा लक्ष्यलाई निकै पछाडि छाडेको हो ।

कार्यालयको विवरणअनुसार साउनमा ३ करोड १५ लाख रुपैयाँ लक्ष्य रहेकामा ३ करोड ५८ लाख ३३ हजार रुपैयाँ सङ्कलन भएको थियो। भदौमा ३ करोड ६० लाख रुपैयाँ लक्ष्यको तुलनामा ३ करोड २४ लाख ८ हजार रुपैयाँ मात्रै उठ्यो। तर, असोजमा राजस्व सङ्कलनले



गति लियो। उक्त महिनामा ४ करोड ५० लाख रुपैयाँ लक्ष्य रहेकामा ५ करोड ९७ लाख ३९ हजार रुपैयाँ असुली भयो। यो निर्धारित लक्ष्यभन्दा ४७.५० प्रतिशत बढी हो ।

कात्तिकमा पनि राजस्व सङ्कलनको गति कायम रह्यो। २ करोड ७० लाख रुपैयाँ लक्ष्य राखिएकोमा ३ करोड ९९ लाख २३ हजार रुपैयाँ सङ्कलन भएको गौर भन्सार कार्यालयले जनाएको छ। यो लक्ष्यको १४७.८० प्रतिशत हो ।

यसरी चार महिनाको अवधिमा भदौबाहेक साउन, असोज र कात्तिकमा कार्यालयले लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको छ ।

बाल अधिकारको रक्षा गरौं

- उचित वातावरण, पोषण, शिक्षा, खेल, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बाल- बालिकालाई बचाऔं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८